मिती: २०७४।०६।२३

आज मिती २०७४।०६।२३ गतेका दिन यस हरिनास गाउँ कार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष श्री खिम नारायण मान-धरको अध्यक्षतामा बसी निम्न उपस्थितीमा निम्न अनुसारका निर्णय गरियो

उपस्थिती:

अध्यक्ष : श्री खिमनारायण मानन्धर
उपाध्यक्ष : श्री मनमाया पराजुली
वार्ड अ.: वार्ड १ : श्री भीम बहादुर भुजेल
वार्ड अ.: वार्ड २ : श्री परशुराम खिरदेल
वार्ड अ.: वार्ड ३ : श्री लोक बहादुर डोंगी
वार्ड अ.: वार्ड ४ : श्री चिन्तामणी शर्मा
वार्ड अ.: वार्ड ५ : श्री उदय बहादुर राना
वार्ड अ.: वार्ड ६ : श्री नरबहादुर थापा
वार्ड अ.: वार्ड ७ : श्री केशमाया थापा
सदस्य : श्री उजेली नेपाली (दर्जी)
सदस्य : श्री हिममाया थापा
सदस्य : श्री धनमाया राना
सदस्य : श्री सुरज व नेपाली
सदस्य : श्री महेन्द्र गौतम
सदस्य : श्री रेवा वि.क.
सदस्य सचिव : श्री नविन अधिकारी
श्री मनोज पोखरेल
श्री विष्णु खिम्दल

प्रस्ताव नं. १: विपद व्यवस्थापन सम्बन्धमा

निर्णय नं. १: विपद बाट हुने क्षतीको क्षतिपूर्तिको लागि विपद व्यवस्थापन समिती, हरिनास गा.पा. लाई जिम्मा दिई यथाशीघ्र आगामी कार्यपालिकाको बैठकमा पेश गर्नुहुन अनुरोध गर्दै निर्णय गरियो।

Flair

## प्रस्ताव नं. २ : आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०८४।०६।२५ र २६ गते हरिनगर गा.पा. वडा नं. ५ मा आयोजना हुने निःशुल्क स्वास्थ्य परिक्षण तथा दन्त शिविरको आयोजनाको लागि रु २०,००० (बीस हजार) मात्र/- सहयोग गर्ने निर्णय गरियो। साथै आगामी दिनमा आउने यस्ता सहयोगको निवेदन माथि कारवाही गर्दा रु ५,००० - देखि रु १५,०००/- सम्म सहयोग गर्ने निर्णय गरियो। शिक्षा, स्वास्थ्य, खेलकुद लगायत प्रगतीशील कार्यको लागि मात्र ~~नि~~ सहयोग गर्ने निर्णय गरियो।

## प्रस्ताव नं. ३: बैठक भत्ता सम्बन्धमा ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ उपर छलफल गर्दा कार्यपालिकाको बैठक भत्ता वापत कार्यपालिकाको बैठक एवं अन्य बैठकहरुमा अध्यक्ष ~~भुने~~ अध्यक्षता गरेको बैठकको प्रति सदस्य रु पन्ध्रसय (१५००/-) मात्र र उपाध्यक्ष एवं अन्य सदस्यहरुले अध्यक्षता गरेको बैठकको प्रति सदस्य रु एक हजार (१,०००) मात्र भुक्तानी दिइने व्यवस्था निर्णय गरियो।

## प्रस्ताव नं. ४: सवारी साधन सम्बन्धमा ।

~~प्रस्ताव नं~~: **निर्णय नं: ४:** प्रस्ताव नं. ४ उपर छलफल गर्दा गाउँ पालिकाको लागि ~~२ थान~~ २ वटा FZ-S मोटरसाइकल र २ वटा Dio Scooty खरिद गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५: सञ्चार (टेलिफोन, मोबाइल टावर) सम्बन्धमा।

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गर्दा हरिनास गाउँपालिका अन्तर्गतका धेरै ठाउँहरुमा सञ्चारको सेवा प्रदायक कम्पनीहरुको सेवा राम्रो नभएकोले यथाशीघ्र सेवा प्रदायक कम्पनीहरुलाई सेवा विस्तार गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६: डोजरको दररेट सम्बन्धमा।

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँपालिका अन्तर्गतका योजना छलफल एवं सम्पन्न गर्नका लागि प्रयोग हुने डोजरको दररेट निम्नानुसार तोक्ने निर्णय गरियो।

१) सानो Backhoe loader को प्रतिघण्टा रु २२००।- (दुईहजार दुईसय मात्र)

२) Excavator को Bucket को प्रतिघण्टा रु ५५००।- (पाँचहजार पाँचसय मात्र)

३) Excavator को Breaker को प्रतिघण्टा रु ६५००।- (६ हजार पाँचसय मात्र)